# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ.व. २०८१/८२ को बैठक संख्या: १

मिति २०८१/०४/०८

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिल:

| | |
|---|---|
| श्री बृज हाङ आङदेम्बे, अध्यक्ष | अध्यक्ष |
| श्री ठाकुर सिं नेम्बाङ, उपाध्यक्ष | सदस्य |
| श्री होम प्रसाद आङ्देम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री सन्तोष कुमार नेम्बाङ, वडा अध्यक्ष | सदस्य |
| श्री दल बहादुर नेम्वाङ, वडा अध्यक्ष | सदस्य |
| श्री विष्णु कुमार चेम्जोङ, वडा अध्यक्ष | सदस्य |
| श्री नारायण प्रसाद आङदेम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री देउ कुमार आङदेम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री धन कुमार तामाङ, का. वा. वडा अध्यक्ष | सदस्य |
| श्री विमला लिम्वू | सदस्य |
| श्री आइतमायाँ लिम्बू | सदस्य |
| श्री कमला पराजुली दुलाल | सदस्य |
| श्री हर्कमायाँ नेपाली | सदस्य |
| श्री टंक परियार | सदस्य |
| श्री जसिमायाँ कमिनी | सदस्य |
| श्री निर्मल तुम्रोक, प्रमुख प्रशासकीय अधिकृत | सचिव |

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा। |
| निर्णय नं. १. | मिति २०८१।३।१६ गतेको कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। कार्यान्वयन हुन बाकी रहेका निर्णयहरुलाई दतारुकताका साथ कार्यान्वयन गर्न सबै निकाय जिम्मेवार भएर लाग्ने निर्णय गरियो। |
| प्रस्ताव नं. २. | गाउँपालिका शिक्षा ऐन मस्यौदा सम्बन्धमा। |
| निर्णय नं. २. | मिति २०८१।३।१६ गते बसेको कार्यपालिका बैठकले सामाजिक विकास समितिका संयोजक श्री नारायण प्रसाद आङदेम्बर्को संयोजकत्वमा गाउँपालिकाको शिक्षा ऐनको मस्यौदा समिति गठन गरेकोमा हालसम्मको कार्य प्रगति बैठकमा जानकारी भयो। तोकिएको समय सिमा भित्र प्रारम्भिक मस्यौदा पेश गर्न आवश्यक गृहकार्य तदारुकताका साथ अगाडी बढाउन निर्देशन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ३. | ठेक्का आव्हान सम्बन्धमा। |
| निर्णय नं. ३. | चालु आ व २०८१।८२ को लागि कोशी प्रदेश सरकारबाट प्राप्त भएको समपुरक अनुदानबाट देहाय बमोजिमको आयोजनाको ठेक्का आव्हान प्रकृया अगाडी बढाउने निर्णय गरियो।<br>देहायः<br>१. गेलीभञ्ज्याङ चिलिङदिन फाक्तेप आङसराङ मेहेलबोटे सडक स्तरोन्नती रु ६६ लाख।<br>२. श्री त्रिभूवन आवि भवन निर्माण रु ३३ लाख।<br>उल्लेखित रकममा गाउँपालिको साझेदारी रकम समेत थप गरेर ठेक्का आव्हान गर्ने। |
| प्रस्ताव नं. ४. | करार कर्मचारी सम्झौता नविकरण सम्बन्धमा। |
| निर्णय नं. ४. | गाउँपालिकामा स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुको प्रचलित नियमानुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने र योग्य ठहरीका करार कर्मचारीको मात्र करार सेवा ६ महिनाको लागि थप गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ५. | अनमी विज्ञापन रद्ध गर्ने सम्बन्भमा। |
| निर्णय नं. ५. | गाउँपालिकाको वडा नं. १ को नवमीडाँडा स्वास्थ्य चौकीको लागि मिति २०८१।३।२३ गते अनमी सहायम चौथो, पद संख्या १ को लागि विज्ञापन गरिएकोमा प्राविधिक कारणले उक्त विज्ञापन रद्ध गर्नु पर्ने भएकोले उक्त विज्ञापन रद्ध गरी पुन विज्ञापन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ६. | गाउँपालिकाको स्वीकृत पद दर्ता गर्ने सम्बन्धमा। |
| निर्णय नं. ६. | कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ मा स्थानीय तहले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने र ऐ. ऐन को दफा ७ मा स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दी प्रदेश किताबखानामा पठाइ दर्ता गर्नु पर्ने व्यवस्था रहेकोले यस गाउँपालिकामा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य हालसम्म नभएकोले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नभए सम्मको लागि स्थानीय तह गठन हुँदाका बखत नेपाल सरकारबाट स्वीकृत भइ आएको देहाय बमोजिमको कर्मचारी पद दर्ताको लागि प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालयमा पठाउने निर्णय गरियो। |

## गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

| क.स | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ | प्रशासन | सा.प्र | १ | |
| २ | ईन्जिनियर | ७।८ | इन्जि | सिभिल | १ | |
| ३ | अधिकृत | ७।८ | शिक्षा | शि.प्र | १ | |
| ४ | अधिकृत | ७।८ | प्रशासन | लेखा | १ | |
| ५ | अधिकृत | ७ | प्रशासन | सा.प्र | २ | |
| ६ | सूचना प्रविधि अधिकृत | ७ | विविध | | १ | |
| ७ | अधिकृत | ६।७ | स्वास्थ्य | हे.ई | १ | |
| ८ | अधिकृत | ६।७ | स्वास्थ्य | क.न./ज.न. | १ | |
| ९ | आन्तरिक लेखापरिक्षक | ५ | प्रशासन | लेखा | १ | |
| १० | सहायक | ५ | प्रशासन | सा.प्र | ४ | |
| ११ | सहायक | ५ | न्याय | | १ | |
| १२ | प्रा.स. | ५ | शिक्षा | सि.प्र | १ | |
| १३ | सव ईन्जिनियर | ५ | ईन्जि | सिभिल | १ | |
| १४ | कम्प्युटर अपरेटर | ५ | विविध | | १ | |
| १५ | सह लेखापाल | ५ | प्रशासन | लेखा | १ | |
| १६ | अ.स.ई | ४ | ईन्जि | सिभिल | १ | |
| १७ | स.महिला विकास निरिक्षक | ४ | विवध | | १ | |
| १८ | खा.पा.स.टे | ४ | ईन्जि | सिभिल | १ | |
| | गाउँपालिकाको कार्यालय तर्फ कार्यालय तर्फ जम्मा | | | | २२ | |
| | वडा कार्यालय (७ वटा) | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र | ३ | |
| २ | सव- ईन्जिनियर | ५ | ईन्जि | सिभिल | ३ | |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र | ४ | |
| ४ | अ.सव- ईन्जिनियर | ४ | ईन्जि | सिभिल | ४ | |
| | वडा कार्यालय तर्फ जम्मा | | | | १४ | |
| | कुल जम्मा | | | | ३६ | |

### कृषि तथा पशुपंन्छी सेवा तर्फ

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | कृषि अधिकृत | ७ | कृषि | कृषि | १ | |
| २ | ना.प्रा.स. | ५ | कृषि | कृषि | २ | |
| ३ | प्रा.स. | ४ | कृषि | कृषि | १ | |
| ४ | पशु अधिकृत | ७ | कृषि | लापोडेडे | १ | |
| ५ | ना.प.स्वा.प्रा. | ५ | कृषि | भेट | १ | |
| ६ | ना.प.स्वा.प्रा/प.से.प्रा. | ५ | पशु | लापोडेडे | १ | |
| ७ | नाउस्वाप्रा | ४ | कृषि | भेट | १ | |
| ८ | नाउस्वाप्रा | ४ | कृषि | लापोडेडे | १ | |
| | | | | जम्मा | ९ | |

## स्वास्थ्य चौकी (६ वटा)

| क.स | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एच.ए. | ५ | स्वा.से. | हे.ई. | ६ | |
| २ | अ.हे.व | ५ | स्वा.से. | हे.ई. | ६ | |
| ३ | अ.हे.ब | ४ | स्वा.से. | हे.ई. | ६ | |
| ४ | अ.न.मी | ५ | स्वा.से. | क.न. | ६ | |
| ५ | अ.न.मी | ४ | स्वा.से. | क.न. | ६ | |
| | आधारभूत स्वास्थ्य केन्द्र (१ वटा) | | | | | |
| ६ | अ.हे.ब/एच.ए. | ५ | स्वा.से. | हे.ई. | १ | |
| ७ | अ.न.मी. | ४ | स्वा.से. | क.न. | १ | |
| | सामुदायक स्वास्थ्य ईकाई (३ वटा) | | | | | |
| ८ | अ.हे.ब./एच.ए. | ४ | स्वा.से. | हे.ई. | ३ | |
| ९ | अ.न.मी | ४ | स्वा.से. | क.न. | ३ | |
| | | | | जम्मा | ३८ | |

नेपाल सरकार, प्रदेश सरकारको विभिन्न निर्णयका आधारमा स्वीकृत भएको पद

| क.स | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक | ६ | विविध | | १ | |
| २ | रोजगार सहायक | ५ | विविध | | १ | |
| ३ | प्राविधिक सहायक | ५ | विविध | | १ | |
| ४ | एम.आइ.एस. अपरेटर | ५ | विविध | | १ | |
| ५ | फिल्ड सहायक | ४ | विविध | | १ | |
| ६ | मनोसामाजिक परामर्शकर्ता | ५ | विविध | | १ | |
| ७ | वित्तिय साक्षरता सहजकर्ता | ५ | विविध | | १ | |
| ८ | अपाङ्गता सहायता कक्ष सहजकर्ता | ४ | विविध | | १ | |
| ९ | बहुक्षेत्रीय पोषण सहजकर्ता | ४ | विविध | | १ | |
| | | जम्मा | | | ९ | |

| | |
|---|---|
| प्रस्ताव नं. ७. | रिक्त पद पुर्तिको लागि माग आकृति भरी प्रदेश लोकसेवा आयोगमा पठाउने सम्बन्धमा। |
| निर्णय नं. ७. | प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगरको मिति २०८१।४।६ च.नं. २१ को पत्र प्राप्त भइ बैठकमा जानकारी भयो। सो सम्बन्धमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२ अनुसार गाउँपालिकामा रिक्त रहेका पदहरुमा पदपुर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति भरी पठाउने निर्णय गरियो। |
| प्रस्ताव नं. ८. | प्राविधिक कर्मचारीको वडागत जिम्मेवारी सम्बन्धमा। |
| निर्णय नं. ८. | गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई गत आवमा काम गरेको वडामा सकेसम्म दोहोरो नहुने गरी वडागत रुपमा जिम्मेवारी दिने जिम्मेवारी प्राविधिक शाखालाई दिने निर्णय गरियो। |
| प्रस्ताव नं. ९. | उपभोक्ता समितिलाई कन्टेन्जेन्सी खर्च उपलब्ध गराउने सम्बन्धमा। |
| निर्णय नं. ९. | गाउँपालिकामा सञ्चालन गरिने विभिन्न योजनाहरुमा ४ प्रतिशत कन्टेन्जेन्सी खर्च काटिने मध्ये १ प्रतिशत सम्बन्धित उपभोक्ता समितिलाई विविध खर्च गर्न सक्ने गरी उपलब्ध गराउने निर्णय गरियो। |
| प्रस्ताव नं. १०. | स्वास्थ्य कर्मचारी अहेव रुद्र आचार्यलाई काजमा खटाउने सम्बन्धमा |
| निर्णय नं. १०. | फाल्गुनन्द गाउँपालिका वडा नं.- ६ आङसराङ स्वास्थ्य चौकीमा यस कार्यालय सँग सेवा करार गरी कार्यरत रुद्र आचार्यलाई अर्को निर्णय नभए सम्म नवमीडांडा स्वास्थ्य चौकीमा कामकाजको लागि खटाउने निर्णय गरियो । |
| प्रस्ताव नं. ११. | ढुङ्गा, गिटि, बालुवा ठेक्का लगाउने सम्बन्धमा । |
| निर्णय नं. ११. | यस फाल्गुनन्द गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेको निवुखोला र जुङ्जिवा खोला अन्य सम्भावित खोलानालाबाट प्रारम्भिक वातावरणीय प्रभाव अध्ययनको आधारमा भ्याटसहित न्यूनतम रु ५०५००० (अक्षरेपी पाँच लाख पाँच हजार मात्र) मा ढुङ्गा, गिटि, बालुवा संकलनका लागि ठेक्का आव्हान गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. १२. | करार सेवामा कार्यारत स्वास्थ्यकर्मीहरुको फिल्ड भत्ता सम्बन्धमा । |
| निर्णय नं. १२. | गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यारत स्वास्थ्य कर्मीहरुले पाउने फिल्ड भत्ता भुक्तानी गर्दा चालु आव को साउन १ गते दखि नै लागु हुने गरी करार सेवाका स्वास्थ्य कर्मचारीहरुलाई समेत स्थायी सरह फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो। |
| प्रस्ताव नं. १३. | न्यायिक समितिको न्याय सम्पादन निर्देशिका, २०८१ सम्बन्धमा । |
| निर्णय नं. १३. | न्यायिक समितिबाट स्वीकृतिका लागि न्यायिक समितिको न्याय सम्पादन निर्देशिका २०८१ कार्यपालिकामा पेश हुन आएकोले विधायन समितिमा छलफलको लागि पठाउने र आगामी कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. १४. | गत आर्थिक वर्षको दायित्व भूक्तानी गर्ने सम्बन्धमा। |
| निर्णय नं. १४. | गत आर्थिक वर्षमा कार्य सम्पन्न भइ प्रतिवेदन सहित भुक्तानीको लागि गाउँपालिकामा मिति २०८१।३।२४ गते भित्र प्राप्त भएका आयोजना तथा कार्यक्रमहरुको बजेटको अभावमा भुक्तानी हुन नसकी गाउँपालिकाको दायित्व सिर्जना भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको १८ नं. फाराम स्वीकृत गरी भुक्तानी दिने निर्णय गरियो। |

| | |
|---|---|
| प्रस्ताव नं. १५. | स्थायी कार्यालय दर्ता गर्न पठाउने सम्बन्धमा। |
| निर्णय नं. १५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८०।११।१५ च.नं. १२३० पत्र अनुसार कार्यालय दर्ता गर्नु पर्ने भएकोले यस फाल्गुनन्द गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय दर्ता गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश निजामति किताबखाना) मा पठाउने निर्णय गरियो। |
| प्रस्ताव नं. १६. | कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी प्रतिवद्धता सम्बन्धमा। |
| निर्णय नं. १६. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८०।११।१५ च.नं. १२३० पत्र अनुसार स्थानीय तहहरुको स्थायी कर्मचारीहरुको अभिलेख राख्न स्वीकृत पद दर्ता गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश निजामति किताबखाना) मा पठाउनु पर्ने भएकोले स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ५७ (७) मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेलसम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो। |